# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, छैठौं, अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२९

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. नेपालमा सांस्कृतिक विविधतालाई के-कसरी व्यवस्थापन गरिएको छ? प्रकाश पार्नुहोस् । ५

२. आचार संहिता (Code of Conduct) भन्नाले के बुझिन्छ? नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत कर्मचारीको आचार संहितामा समावेश गर्नुपर्ने मूलभूत विषयहरू उल्लेख गर्नुहोस् । ५

३. सार्वजनिक जवाफदेहिता भन्नाले के बुझ्नुहुन्छ? नेपालको सार्वजनिक प्रशासनमा सार्वजनिक जवाफदेहिता स्थापित गर्न तर्जुमा भएका मौजुदा नीतिगत एवं कानूनी व्यवस्थाहरूको संक्षेपमा उल्लेख गर्नुहोस् । ३+७=१०

४. नेपालको शासन प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस् । नेपालको संविधानबमोजिम राज्यका अंगहरूबीच शक्ति पृथकीकरण तथा सन्तुलन र नियन्त्रणको के-कस्तो व्यवस्था छ? प्रकाश पार्नुहोस् । ३+७=१०

५. व्यवस्थापन परीक्षण भनेको के हो? सार्वजनिक निकायमा व्यवस्थापन परीक्षण किन आवश्यक पर्दछ? नेपाल नागरिक उड्डयन प्राधिकरणमा व्यवस्थापन परीक्षण कसरी गर्ने गरिएको छ? विद्यमान परीक्षण प्रकृयालाई कसरी प्रभावकारी बनाउन सकिन्छ? उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । २+२+३+३=१०

६. सुपरिवेक्षण भनेको के हो? सुपरिवेक्षणबाट हुने फाइदाका बारेमा चर्चा गर्नुहोस् । ४+६=१०

### खण्ड "ख" — ५० अङ्क

७. बजेट चक्र (Budget Cycle) का बारेमा संक्षिप्तमा लेख्नुहोस् । ५

८. उपभोक्ता हित संरक्षण ऐन, २०५४ बमोजिम उपभोक्तालाई के-कस्ता अधिकारहरू हुने व्यवस्था गरिएको छ? प्रकाश पार्नुहोस् । ५

९. संस्थागत सामाजिक उत्तरदायित्व भन्नाले के बुझिन्छ? नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्वाह गर्नुपर्ने संस्थागत सामाजिक उत्तरदायित्वको बारेमा प्रकाश पार्नुहोस् । ४+६=१०

१०. नेपालको आर्थिक विकासमा निजी क्षेत्र र सहकारी क्षेत्रले खेल्ने भूमिकाको चर्चा गर्नुहोस् । नेपालमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) अवधारणा/नीति कार्यान्वयन पक्षको समीक्षा गर्दै सुधारका क्षेत्रहरू औंल्याउनुहोस् । ५+३+२=१०

११. हवाई सुरक्षा (Aviation Safety) का बारेमा भएका केही मुख्य व्यवस्थाका सम्बन्धमा चर्चा गर्दै व्यवहारमा नेपाली हवाई सुरक्षाको स्थितिबारे उल्लेख गर्नुहोस् । ६+४=१०

१२. भ्रष्टाचार निवारण ऐन, २०५९ ले के-कस्ता कसूरहरूलाई भ्रष्टाचारजन्य कसूरका रूपमा परिभाषित गरेको छ? चर्चा गर्नुहोस् । साथै नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि व्यवहारिक तथा कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

:: समाप्त ::